**आमसञ्चार माध्यमहरुबाट प्रसारण गरिने लोक कल्याणकारी सूचना वितरण सम्वन्धी मापदण्ड, २०७९**

प्रस्तावना :-

जनताको सूचना पाउने हकको सुनिश्चिता प्रदान गर्न र धरान उपमहानगरपालिकाभित्रका आमसञ्चार माध्यमहरुलाई लोक कल्याणकारी सूचना उपलब्ध गराउने कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न देहाय बमोजिम मापदण्ड बनाई लागु गरिएको छ।

१. मापदण्डको नाम र प्रारम्भ :- (क) यस मापदण्डको नाम आमसञ्चार माध्यमहरुबाट प्रसारण गरिने लोक कल्याणकारी सूचना वितरणसम्बन्धी मापदण्ड, २०७९" रहेको छ ।

(ख) यो मापदण्ड धरान उपमहानगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागुहुनेछ ।

२. परिभाषा :- विषयप्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "आमसञ्चार माध्यम" भन्नाले नियमानुसार दर्ता भई नियमित रुपमा प्रसारणमा रहेका टेलिभजन, रेडियो पत्रपत्रिका र अनलाइन समेतलाई बुझाउनेछ ।

(ख) "शाखा" भन्नाले सूचना प्रविधि तथा तथ्याङ्क शाखालाइ सम्झनुपर्छ ।

(ग) "लोककल्याणकारी सूचना" भन्नाले सूचना प्रविधि तथा तथ्याङ्क शाखामार्फत प्रसारण गर्न दिइएको चेतनामुलक एवं सूचनामुलक सामाग्री सम्झनुपर्छ र सो शब्दले प्रकोपको अवस्थामा प्रसारण गर्न दिएको सूचना वा सन्देशमुलक सामाग्रीलई समेत जनाउँदछ।

३. आमसञ्चार माध्यमहरुले पालना गर्नुपर्ने शर्तहरु : आमसञ्चार माध्यमहरुले वर्गीकरण र प्रसारणमा समावेश हुन तथा लोककल्याण्कारी विज्ञापन प्राप्त गर्नको लागि देहायका शर्तहरु पूरा गरेको हुनुपर्नेछ ।

(क) नेपालको संविधान र प्रचलित कानूनहरुको पालना गरेको,

(ख) प्रत्येक वर्ष नवीकरण भएको,

(ग) कर चुक्ताको प्रमाण पेश गरेको,

(घ) लेखा परीक्षण प्रतिवेदन समावेश गरेको,

(ङ) श्रमजीवि पत्रकार सम्वन्धी ऐन र नियम पालना गरेको,

(च) आचार संहिता पालना गरेको,

(छ) सूचना विभाग, प्रेस काउन्सिल, र धरान उपमहानगरपालिकामा अनिवार्य दर्ता भइ यस उपमहानगरपालिकाभित्र कम्तीमा विगत एक वर्षदेखि नियमित संचालनमा रहेको।

४. आमसंचारमाध्यमहरुको प्रकार :- (क) दफा ३ बमोजिम दर्ता भएका र दफा ७ बमोजिमका शर्त पूरा गरेका विद्युतीय आमसञ्चार माध्यमहरुहरुलाई देहायबमोजिमको दर रेटमा वार्षिक रकम प्रदान गर्नुपर्नेछ।

| क्र.सं. | संचारमाध्यमको प्रकार | दर |
|---|---|---|
| १ | दैनिक पत्रिका | ९५,०००।- |
| २ | अर्धसाप्ताहिक पत्रिका | ४५,०००।- |
| ३ | साप्ताहिक पत्रिका | ३५,०००।- |
| ४ | पाक्षिक पत्रिका | १५,०००।- |

| | | |
|---|---|---|
| ५ | मासिक पत्रिका | ७०००।- |
| ६ | त्रैमासिक पत्रिका | ५०००।- |
| ७ | चौमासिक पत्रिका | ४५००।- |
| ८ | अर्धवार्षिक पत्रिका | ४०००।- |
| ९ | रेडियो तथा एफ एम | ३५,०००।- |
| १० | टि.भी. | ६०,०००।- |
| ११ | अनलाइन | १६,०००।- |

५. लोककल्याणकारी विज्ञापनको निर्माण : (क) सम्बन्धित शाखाले सूचना वा विज्ञापनको विषयवस्तु निर्धारण गरी सूचना प्रविधि तथा तथ्याङ्क शाखामा प्रेषित गर्नुपर्नेछ ।

(ख) सूचना प्रविधि तथा तथ्याङ्क, शाखाले सो सूचना आमसंचार माध्यमहरुमा प्रसारणको लागि प्रेषित गर्नुपर्नेछ।

(ग) लोककल्याणकारी सूचना वा विज्ञापनको विषयवस्तु निर्धारण गर्दा सामाजिक, साँस्कृतिक विविधतालाई प्राथमिकता दिनुपर्नेछ ।

६. लोककल्याणकारी विज्ञापन प्रसारणको मिति, समय तथा आबृति:

(क) शाखाले प्रसारणका लागि प्रस्ताव आह्वान गरी प्राप्त आवेदनका आधारमा प्रसारणका लागि योग्य भई सकेका प्रसारण संस्थाहरुसँग सूचना प्रविधि तथा तथ्याङ्क शाखाले सम्झौता गरी सूचना प्रसारण सामाग्री उपलब्ध गराउनुपर्नेछ।

(ख) प्रसारण संस्थाले लोककल्याणकारी सूचना नियमित प्रसारण गर्नुपर्नेछ ।

७. विविध: (क) लोककल्याणकारी सूचना प्रसारण गर्ने आमसञ्चार माध्यमले न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसमा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक कार्यान्वयन गरेको हुनुपर्नेछ ।

(ख) प्रसारण संस्थाले विज्ञापन प्रसारण भएको प्रसारण सामाग्री (सि.डी.\ पेनड्राइभ वा छापा) को प्रमाण र सम्झौतासहित आवेदन दिएपछि सूचना प्रविधि तथा तथ्याङ्क शाखाको सिफारिसमा उपमहानगरपालिकाको आर्थिक प्रशासन महाशाखावाट लोककल्याणकारी सूचना प्रसारणको भुक्तानी दिईनेछ ।

८. खारेजी र बचाउ:

(क) आवश्यकताअनुसार यस मापदण्डमा भएको ब्यवस्था संशोधन गर्न सकिनेछ।

(ख) यस मापदण्डको उदेश्य तथा बिषयक्षेत्रमा यस अघि भएका कार्यहरु यसै मापदण्डवमोजिम भएको मानिनेछ।

नगर कार्यपालिकाको कार्यालय धरान १२ सुनसरी १ नं. प्रदेश नेपाल

उद्धव प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत